# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

पत्र संख्याः धि.व.सि.धि.व्य.नि.२०८३/८४ मितिः २०८३/०५/०९

चलानी नम्वरः ५०४

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

बिषयः निर्देशन सम्बन्धमा ।

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने उद्देश्यको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी बोर्डबाट देहायको निर्देशन जारी गरिएको छ।

१. धितोपत्र कारोबारमा ग्राहकले प्रयोग गर्ने कारोबार व्यवस्थापन प्रणाली (TMS) का सम्बन्धमा लगानीकर्ताको गुनासो प्राप्त भएकोले नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से) बाट स्वीकृति दिएका प्रणालीको IT Audit/VAPT गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने।

२. धितोपत्र कारोबार प्रणाली (NOTS) मा समस्या देखिदैं आएकोमा समस्या पहिचानसहित नयाँ उपकरणहरूको समेत कारोबार सहजता हुनेगरी कारोबार प्रणालीलाई थप आधुनिक र सक्षम बनाउँदै सुरक्षित कारोबार प्रणालीको सुनिश्चितता गर्ने ।

३. धितोपत्रको कारोवार व्यवस्थापन प्रणालीमा कृत्रिम बौद्धिकताका आधारमा कुनै प्रविधिको प्रयोग गरी कारोबार गर्न सकिने व्यवस्थाका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास, नेपालको आवश्यकता, नेप्सेको पूर्वाधार र आवश्यक कानूनी तथा अन्य व्यवस्था सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

४. कारोबार प्रणालीसँग जोडिएका सम्पूर्ण TMS मा अर्को व्यवस्था नभएसम्मको लागि कृत्रिम बौद्धिकताका आधारमा कुनै प्रविधिको प्रयोग कारोबार प्रविष्ट भएको आदेशको पहिचान गरी रोक्ने व्यवस्था गर्न र सो नगर्न लगानीकर्ताको जानकारीको लागि सूचना समेत प्रकाशन गर्ने।

५. नयाँ लगानीकर्ता तथा विद्यार्थीहरूलाई शेयर बजारको प्राविधिक अभ्यास गराउनका लागि सञ्चालनमा ल्याइएको आधिकारिक डेमो ट्रेडिङ प्लेटफर्म (demotrading.nepalstock.com) लाई निरन्तर रूपमा प्रयोग हुने गरी रोकावट नहुने व्यवस्था मिलाउने।

६. धितोपत्र कारोबार सञ्चालन (चौथो संशोधन) विनियमावली, २०८२ को विनियम ७ बमोजिम After Market Order (AMO) प्रभावकारी रूपमा लागू गर्ने/गराउने ।

७. धितोपत्रको दोस्रो बजार कारोबार मोबाइल एपमार्फत गर्ने आवश्यक व्यवस्था मिलाउने ।

८. हाल सिडिएससिले संचालनमा ल्याएको C-KYC लाई धितोपत्र कारोबारका लागि खोलिने TMS खाता खोल्दा सो बमोजिम C-KYC गर्न सकिने व्यवस्था गर्ने/गराउने ।

९. नेप्से सूचकाङ्कलाई All Equity Index को रूपमा कायम राखी Free Float Shares को आधारमा नयाँ सूचकाङ्क विकास गरी Benchmark सूचकाङ्कको रूपमा प्रयोग गर्ने व्यवस्थाका लागि तत्काल कार्य अगाडि बढाउन र बोर्डबाट आवश्यक सहजीकरण गर्नुपर्ने विषयहरू पेश गर्ने।

१०. Free Float Shares को आधारमा नयाँ सूचकाङ्क विकास गरी Benchmark सूचकाङ्कको रूपमा प्रयोग गरी सोको आधारमा सर्किट ब्रेकरको नियम पुनरावलोकन गर्ने ।

११. बोर्डको निर्देशन बमोजिम सुचारू गरी स्थगन गरिएको कारोवार सत्रको अन्तिम १५ मिनेटको कारोबारलाई आधार लिई NEPSE Index गणना गर्ने विधिलाई पून सुचारू गराउन सकिने/नसिकने सम्बन्धमा र कारोबार समयको अन्तिममा हुने Market Orde(MKT) को व्यवस्थापन सम्बन्धमा तथा सूचिकृत कम्पनीको दोस्रो बजारमा हुने कारोबारमा लागु भैरहेको दैनिक १५ % सम्म हुने घट/बढ सम्बन्धी सर्किट ब्रेकर सम्बंन्धी व्यवस्था पूनरावलोकन अवश्यक रहे नरहेको सम्बन्धमा अध्ययन सुझाव सहित एकहप्ताभित्र बोर्डमा पेश गर्ने।

१२. सूचीकृत कम्पनीहरूको वित्तीय सबलता, तरलता तथा संस्थागत सुशासनको अवस्थाका आधारमा वर्गीकरण प्रकृयालाई वस्तुनिष्ठ बनाउने।

१३. पूँजी, प्रतिफल, तरलता लगायतका आधारमा लगानीयोग्य, अनुमानयोग्य NEPSE Index (जस्तैः NEPSE 30, NEPSE High Cap) विविधीकरण गर्दै नेप्से सूचकाङ्कलाई स्थापित अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन प्रचलित सूचकाङ्क गणना गर्ने संस्थासँग सहकार्य अगाडि बढाउने ।

१४. हाल गणना भईरहेको सेन्सेटिभ सूचकांकलाई कानूनी तथा प्रक्रियागत व्यवस्था मिलाई पुनरावलोकन गर्ने ।

१५. संगठित संस्थाको सूचीकरणपश्चात् पहिलो कारोबार मूल्य निर्धारण सम्बन्धी व्यवस्थालाई वैज्ञानिक बनाउन अन्तर्राष्ट्रिय अभ्यास अनुरूप हुने व्यवस्था गर्ने ।

१६. सूचीकृत भई लामो समयदेखि कारोबारमा सक्रिय नभएका सूचीकृत कम्पनीहरूको सम्बन्धमा कानूनी तथा प्रक्रियागत सुधारका विषयमा अध्ययन गरी सिफारिस गर्ने।

१७. सूचीकृत संगठित संस्थाका आधिकारिक सूचना प्रवाहसम्बन्धी व्यवस्था मिलाउन data.nepalstock.com पोर्टलको विकास गरी लागु गर्ने ।

१८. महिनाको कम्तीमा एउटा वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने।

१९. धितोपत्र कारोबारको T+2 अवधिमा ग्राहकलाई रकम उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

भवदीय,

(विनयदेव आचार्य)
**कार्यकारी निर्देशक**

**बोधार्थः**

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय क्षेत्र व्यवस्थापन महाशाखा।
श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।
श्री व्यवस्थापन तथा कानून विभाग, नेपाल धितोपत्र बोर्ड।
श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।
श्री सिडिएससी एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं।
श्री स्टक ब्रोकर एशोशिएसन अफ नेपाल, पुतलीसडक, काठमाडौं।
श्री मर्चेन्ट बैंकर एशोशिएसन अफ नेपाल, नक्साल, काठमाडौं।